# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, कात्तिक २८ गते २०५७ साल (संख्या ३०

## भाग ४

### श्री ५ को सरकार
### रक्षा मन्त्रालयको सूचना

श्री ५ को सरकारले शाही नेपाली सेनाको देहायका स्थानहरूमा अवस्थित ब्यारेकहरूले साविकदेखि चाँदमारी तथा अन्य अभ्यास कार्यको लागि प्रयोग गर्दै आइरहेका देहायका गाउँ विकास समिति तथा नगरपालिकाका देहायका चार किल्ला र क्षेत्रफलका जग्गाहरूमा साविक बमोजिम नै अभ्यास कार्य सञ्चालन गर्नु पर्ने भएकोले उक्त क्षेत्रलाई अभ्यास तथा चाँदमारी क्षेत्र घोषणा गरेकोले यो सूचना प्रकाशन गरिएको छ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि. नं. | स्थान र विवरण | अञ्चल | जिल्ला | नगर पालिका/ गाऊँ विकास समिति | अभ्यास क्षेत्रको चार किल्ला | | | | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| १. | बुटवल ब्यारेक | लुम्बिनी | रुपन्देही | बुटवल न.पा. वडा नं. ९ | चरङ्गेवन ईलाका | शिवनगर गाउँ | भोटे डाडाँ | महेन्द्र राजमार्ग | अन्दाजी ८५ बिगाह् वन क्षेत्र |
| २. | गुल्मी ब्यारेक | लुम्बिनी | गुल्मी | तम्घास गा.वि.स. वडा नं. ५ | वडा नं. ५ सिमाना | रेसुङ्गा जङ्गल पछिको बाटो | रेसुङ्गा जंगलपछि वडानं. २ सिमाना | जंगलपछि वडा नं ६ सिमाना | रेसुङ्गा जंगलको कि. नं. २६१ को १६६–०–०–० रोपनी वन जंगल क्षेत्र |
| ३. | रामेछाप ब्यारेक | जनकपुर | रामेछाप | सुकाजोर गा.वि.स. वडा नं. ३ | दूरसंचार टावर (बुटेन) | अस्पतालको तार बार मुनी गोरेटा (बुटेन) बाटो | अस्पताल चोकको बाटो (बुटेन) | पहिरो नजीकको डाँडा हुँदै खोलाको दोभानको पहरा देखि मुडाजोर जाने ठाडो बाटो (बुटेन) | कि. नं. १ को जम्मा क्षेत्रफल ४०२–५–०–० मध्ये ३००-०-०-० रोपनी बनबुटेन क्षेत्र |

आज्ञाले,
पदमकुमार आचार्य
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

298